# कैलाश राजपत्र

कैलाश गाउँपालिकाद्वारा प्रकाशित

खण्डः६) मकवानपुर, चैत्र ०६ गते, २०८१ साल (संख्याः३

## भाग - २

स्थानीय सरकार

कालिकाटार, मकवानपुर, बागमती प्रदेश, नेपाल

**गर्भवती/सुत्केरीहरुको लागि खाद्य आहार वितरण तथा कुपोषित घरपरिवारको पोषण प्रवर्धनको लागि पोषण प्याकेज (झोला) वितरण तथा पोषणजन्य कार्यक्रमको कार्यविधि, २०८१**

कैलाश गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**प्रस्तावनाः**

कैलाश गाउँपालिका स्थायी ठेगाना भएका वा स्थायी बसोवास गर्ने गर्भवती, सुत्केरीको स्वास्थ्य प्रवर्धन गर्न तथा कुपोषित बालबालिकाहरुको सर्वाङ्गि बिकासको लागि पोषकतत्व युक्त खाना/आहार अपरिहार्य हुने हुँदा आमा र बालबालिकाको पोषण अवस्थालाई दिगोरुपमा सुधार गर्न गर्भवती/सुत्केरीको लागि खाद्य आहार तथा कुपोषित घर परिवारको पोषण प्रवर्धनको लागि पोषण प्याकेज झोला वितरण कार्यक्रमलाई एकीकृत रुपमा व्यवस्थित, पारदर्शी र प्रभावकारी ढङ्गबाट लक्षित वर्गसम्म पुर्याउने व्यवस्था गर्न वाञ्छनीय भएकोले, कैलाश गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम " **गर्भवती/सुत्केरीहरुको लागि खाद्य आहार वितरण तथा कुपोषित घरपरिवारको पोषण प्रवर्धनको लागि पोषण प्याकेज (झोला) वितरण तथा पोषणजन्य कार्यक्रमको कार्यविधि, २०८१**" रहेको छ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "गाउँपालिका" भन्नाले कैलाश गाउँपालिकालाई सम्झनु पर्छ।

ख. "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

ग. "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

घ. "पोषण झोला" भन्नाले यस कार्यविधि बमोजिमको अनुसूची-१ अनुसारको खाद्य पदार्थ सहितको झोला बुझ्नु पर्दछ।

ङ. "स्वास्थ्य संस्था" भन्नले यस गाउँपालिकाको मातहतका स्वास्थ्य संस्थाहरुलाई बुझ्नुपर्छ।

च. "सुत्केरी" भन्नाले स्वास्थ्य संस्थामा प्रसुती भइ ४२ दिन अवधि भित्रको महिलालाइ सम्झनुपर्छ।

छ. "कार्यविधि" भन्नाले **गर्भवती/सुत्केरीहरुको लागि खाद्य आहार वितरण तथा कुपोषित घरपरिवारको पोषण प्रवर्धनको लागि पोषण प्याकेज (झोला) वितरण कार्यविधि, २०८१** सम्झनु पर्दछ।

३. **गाउँपालिकाबाट पोषण प्याकेज (झोला) खरिद गर्नुपर्नेः** (१) यस कार्यविधि अनुसार गर्भवती तथा सुत्केरीको लागि आवश्यक खाद्य आहारयुक्त पोषण प्याकेज(झोला)को खरिद अनुसूची-१ बमोजिम गाउँपालिकाले गर्नेछ।

(२) उपदफा (१) बमोजिम पोषण प्याकेज खरिद गर्दा प्रचलित सार्वजनिक खरिद सम्बन्धि कानुनले निर्धारण गरेका बिधि र प्रक्रियालाई अवलम्बन गर्नुपर्नेछ।

(३) पोषण प्याकेज (झोला) खरिद गर्दा गत आर्थिक बर्षमा यस गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुले बुझाएका प्रतिवेदनका तथ्यांकको आधारमा खरिद गर्नुपर्नेछ।

(४) यस दफा बमोजिम, गाउँपालिकाले खाद्य अहारयुक्त पोषण प्याकेज खरिद गर्दा नेपाल सरकार , बिश्व स्वास्थ्य संगठन वा बिश्व खाद्य कार्यक्रमसँग सम्बन्धित संघ संस्थाले सुत्केरीको लागि कुनै खाद्य आहारमा हुने पोषणको लागि सहयोग गर्न सक्नेछ।

४. **पोषण प्याकेज सम्बन्धि मापदण्ड : गाउँपालिकाले यस कार्यविधि अनुसार पोषण प्याकेज खरिद गर्दा प्रचलित कानूनमा तोकिएको खाद्य आहार सम्बन्धि मापदण्डको अतिरिक्त देहायका खरिद सम्बन्धि मापदण्डको पालना गर्नुपर्नेछ :**

(१) पोषण प्याकेज कृषि खाद्य सामग्री पदार्थ (गहुँ, मकै, भटमास, चना, केराउ, चामल आदि) बाट निर्माण गरिएको रसायन रहित बहुपोषक तत्व मिश्रित खानको लागि तयारी अवस्थाको पौष्टिक आहार प्रति १०० ग्राममा अनुसूची-१ बमोजिमको मात्रामा पोषक तत्वहरु अनिवार्य रुपमा हुनुपर्ने।

(२) पोषण प्याकेजमा खाद्य आहारको समिश्रण (composition), पोषण तत्व तयार गर्ने तथा सेवन गर्ने तरिका, आहारबाट हुने फाइदाहरु र सावधानी अपनाउनु पर्ने भए सोको सन्देश सामग्री राखेको हुनुपर्ने।

(३) खाद्य आहारको उत्पादनको ब्याच नम्बर,म्याद समाप्त हुने मिति तथा प्रमाणित लगायत उल्लेख हुनुपर्ने।

४)खाद्य पदार्थको गुणस्तरीयता पालिकाबाट अनिवार्यरुपमा रुजु गरिएको हुनुपर्ने।

५)पोषण प्याकेजको झोलामा **"कैलाश गाउपालिका पोषण प्रवर्धन कार्यक्रमको लागि निशुल्क वितरण"** भन्ने शब्दहरु मुद्रित वा छापिएको हुनुपर्ने छ।

५. **पोषण प्याकेज झोलाको भण्डारण तथा आपूर्ति :-**

१)गाउँपालिकाले यस कार्यविधि अनुसार खरीद भएको पोषणको झोला सुरक्षित भण्डारण गर्नुपर्नेछ।

२) उपदफा (१) बमोजिम भण्डारण गरिएको पोषण झोला पालिकाले स्वास्थ्य संस्था संग आवधिक वा त्रैमासिक मागको आधारमा गत आर्थिक बर्षको कुपोषित गर्भवती, सुत्केरी तथा कुपोषित बालबालिकाहरुको संख्या लाई आधार मानि सोहि परिमाणमा आपुर्तिको व्यवस्था मिलाउने।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखीएको भए तापनि गाउँपालिकाले अतिरिक्त परिमाणको पोषण प्याकेज झोला संचित गरि राख्न सक्नेछ।

६. **पोषण झोला माग गर्नु पर्ने :**स्वास्थ्य संस्थाले बिगत आर्थिक बर्षमा आफ्नो संस्थामा सुत्केरी भएका महिलाको आधारमा चालु बर्षका लागि सुत्केरी हुने महिलाको लागि त्रैमासिक रुपमा अनुसूची-२ बमोजिम सम्बन्धित कार्यलयमा पोषण झोला माग गर्नु पर्नेछ।

७. **स्थानीय तहको काम , कर्तव्य र अधिकार :-**

पोषण कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय तहको काम, कर्तव्य देहाय बमोजिम हुनेछ।

क. स्वास्थ्य संस्थामा हुने सुत्केरीको अनुमानित संख्याको आधारमा प्रति सुत्केरीको दरले हुने परिमाणको पोषण झोला सम्बन्धित स्वास्थ्य कार्यालय समक्ष माग गर्ने।
ख. पोषण प्याकेजको अभिलेख राखी आफु मातहतका स्वास्थ्य संस्थामा आपूर्ति गराउने।
ग. पोषण प्याकेज प्राप्त गर्ने सुत्केरी, गर्भवती तथा कुपोषित बालबालिकाको लगत तयार गरि मासिक प्रतिवेदन तयार गर्ने।
घ. खरिद प्रक्रिया सहि ढंगबाट आगाडि बढाउन जिम्मेवारी तथा तदारुकताको साथ अगाडी बढाउने।
ङ. पोषण प्याकेज अभाव हुन नदिन गाउँपालिकाले आवश्यक नियमन गर्ने।

८. **पोषण प्रर्वद्धन कार्यक्रम निर्देशन समितिः-**

गाउँपालिकामा पोषण कार्यक्रमलाई प्रभावकारी, पारदर्शी र जवाफदेही तवरले सञ्चालन गर्न र कार्यक्रमको नियमित अनुगमन, सुपरीवेक्षण तथा पृष्ठपोषणको लागि देहायबमोजिमको एक निर्देशक समिति रहनेछः

क. गाउँपालिका अध्यक्ष- संयोजक

ख. गाउँपालिका उपाध्यक्ष- सदस्य
ग. समाजिक विकास समिति संयोजक- सदस्य
घ. प्रमुख प्रशासकीय अधिकृत- सदस्य
ङ. स्वास्थ्य शाखा प्रमुख- सदस्य सचिव

९. **स्वास्थ्य संस्थाको काम, कर्तव्य र अधिकार :-यस कार्यविधिमा अन्यन्त्र तोकिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त स्वास्थ्य संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(१) गत आर्थिक बर्षमा भएको सुत्केरी संख्याको आधारमा स्वास्थ्य कार्यालयमा पोषण प्याकेज झोला माग गर्ने।

(२) स्वास्थ्य संस्थामा आपूर्ति भएको पोषण झोलाको अभिलेख राखी एक सुत्केरी एक झोलाको दरले बितरण गर्ने।

(३) गर्भवती, सुत्केरी तथा कुपोषित बालबालिकाहरुको अभिलेख लगत अद्यावधिक राख्ने र स्वास्थ्य शाखालाई मासिक रुपमा प्रतिवेदन पेश गर्ने।

(४) पोषण प्याकेज झोला अभाव हुन नदिनको लागी गाउँपालिका संग समन्वय कायम गर्ने।

(५) पोषण प्याकेज झोला बितरण गर्दा सवैलाई समान व्यवहार गर्ने।

(६) पोषण झोला प्राप्त हुने सुचना/जानकारी सबैले देख्ने गरि स्वास्थ्य संस्थामा राख्ने।

(७) स्वास्थ्य संस्थाले पोषण प्याकेज झोलाको माग अनुसूची-२ भरेर माग गर्नुपर्नेछ।

१०. **अभिलेख तथा प्रतिवेदन :** यस कार्यविधि अनुसार कार्यक्रम कार्यन्वयन गर्ने देहायको निकायले देहाय बमोजिम अभिलेख तथा प्रतिवेदन गर्नुपर्नेछ :

क. स्वास्थ्य संस्थाले लाभग्राही गर्भवती, सुत्केरी तथा कुपोषित बालबालिकाहरुको मासिक प्रतिवेदन भुक्तान भएको अर्को महिनाको पहिलो हप्ता भित्र अनुसूची-३ सहित अनिवार्यरुपमा बुझाउनु पर्नेछ।

ख. स्वास्थ्य शाखाले स्वास्थ्य संस्थाबाट प्राप्त मासिक प्रतिवेदनको आधारमा मासिक प्रतिवेदन तयार गरि गाउँपालिका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउने।

ग. समितिले तोकेको अन्य कागजात।

११. **अनुगमन तथा सुपरिवेक्षणः-** सेवाको गुणस्तर सुनिश्चित गर्न आवश्यकता अनुसार गाउँपालिकाले अनुसूची -४ बमोजिमको चेक लिस्ट प्रयोग गरि अनुगमन तथा सुपरिवेक्षण गर्नु/गराउनुपर्नेछ।

१२. **प्रचलित कानुन बमोजिम हुने :-** यस कार्यविधिमा उल्लेख भएको बिषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

१३. **कारवाही हुनेः** यस पोषण प्याकेज झोला यस कार्यविधिमा तोकिएको लक्षित समुह बाहेक अन्यलाइ बाडिएको वा अपचलन गरेको पाइएमा पालिकाले आफ्नो कानुन बमोजिम कारवाही गर्न सक्नेछ।

१४. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न केही बाधा अड्काउ भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

१५. **अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः** कार्यपालिकाले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ।

१६. **कार्यक्रमको वर्गिकरणः-** गाउँपालिकाको तर्फबाट स्वास्थ्य तर्फका कार्यक्रमहरु अन्तर्गत गर्ववती तथा सुत्केरी पोषण प्रवर्धन तथा रक्षा कार्यक्रम शिर्षकमा छुट्टाएको देहायबमोजिमको कार्यक्रम विभिन्न लक्षित समुहलाई पोषण प्रवर्धन हेतु वर्गिकरण उपयुक्त देखिन्छः

   क. गर्भवती पोषण प्रवर्धन तथा रक्षा कार्यक्रम।

   ख. सुत्केरी पोषण प्रवर्धन तथा रक्षा कार्यक्रम।

   ग. मध्यम तथा कडा कुपोषितहरुको लागि पोषण विशेष कार्यक्रम।

१७. **संशोधनः-** यस कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाबाट आवश्यक संशोधन गर्न सकिनेछ।

## अनुसूची-१

**(दफा ३ र ४ सँग सम्बन्धित)**

**पोषण प्याकेज झोलामा रहने खाद्य आहारको विवरण, पाईने तत्व तथा समिश्रणको मात्रा**

| पोषक तत्व | पोषक तत्वको मात्रा (प्रति १०० ग्राम) | कैफियत |
|---|---|---|
| इनर्जि किलो)क्यालोरीन्यूनतम ( | ४०० | |
| प्रोटिन न्यूनतम (.ग्रा) | १५ | |
| चिल्लो न्यूनतम (.ग्रा) | ९ | |
| क्याल्सियम न्यूनतम (.ग्रा .मि) | ३६२ | |
| आईरन न्यूनतम (.ग्रा .मि) | ४ | |
| जिङ्क न्यूनतम (.माईक्रो ग्रा) | ५ | |
| आद्रता अधिकतम (प्रतिशत) | ६ | |

यस तयारी खाद्य पोषण आहार स्थानीय रुपमा उपलब्ध अनाज, गेडागुडी, दुग्धजन्य पदार्थ र खनिजतत्व सम्मिश्रित नेपालमै उत्पादन भएको हुनपर्नेछ। यसको स्वरुप दानादार हुनुपर्नेछ र खानको लागि पूर्ण तयारी हुनुपर्नेछ। यस पोषक (खस्रो) आहारको सबै किसिमका पोषक तत्वहरु राष्ट्रिय खाद्य कानून र मापदण्ड पूरा भएको हुनुपर्नेछ।

**स्वादः** यस पोषण खाद्य आहार बासनादार, स्वादिष्ट र गुलियो स्वादको हुनुपर्नेछ।

**प्याकेजिङ्गः**

यस पोषण खाद्य आहार प्याकेज घाम तथा ओषबाट नबिग्रने गरी नयाँ बलियो आधा कि.ग्रा साईजको सानो झोलामा हुनुपर्नेछ र ढुवानी तथा ओसारपोसार गर्न उपयुक्त हुनुपर्नेछ।

यस पोषण खाद्य आहार प्याकेज तीन तहको प्याकेजिङ्ग हुनुपर्नेछ।

**अनुसूची-२**

**(दफा ६ को उपदफा (सँग सम्बन्धित (१)**

**पोषण प्याकेज झोला माग फाराम**

जिल्लाः स्थानीय तहः स्वास्थ्य संस्थाको नामः

मितिः

| **क्र.सं .** | **गत आको .व. जम्मा सुत्केरी भएको सङ्ख्या** | **तीन महिनाको लागि आवश्यक पोषण प्याकेज झोलाको सङ्ख्या** | **मौज्दातमा रहेको झोला सङ्ख्या** | **माग गरिएको सङ्ख्या** | **कैफियत** |
|---|---|---|---|---|---|
| | | | | | |

**कार्यक्रम सँग सम्बन्धित कर्मचारीको**

नामः

पदः

हस्ताक्षरः

मिति

**संस्थाको आधिकारिक व्यक्तिको**

नामः

पदः

हस्ताक्षरः

मिति :

संस्थाको छापः

नोटः पोषण प्याकेज झोला माग गर्दा स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाले सम्बन्धित स्थानीय तह र अन्य स्वास्थ्य संस्थाले स्वास्थ्य कार्यालयमा माग गर्नुपर्नेछ। स्थानीय तहले अन्तर्गतका स्वास्थ्य संस्थाको माग संङ्कलन गरे बमोजिम स्वास्थ्य कार्यालयमा माग गर्नुपर्नेछ ।

## अनुसूची-३

**(सँग सम्बन्धित दफा ७)**

**लाभग्राही सुत्केरी महिलाको अभिलेख फाराम**

**(स्वास्थ्य संस्थाको लागि)**

जिल्लाः

स्थानीय तहको नामः

स्वास्थ्य संस्थाको नामः

आर्थिक वर्षः

महिनाः

| क्रसं. | नाम | नागरिकता नं. | जाति कोड | मुल दर्ता सङ्ख्या | ठेगाना | पोषण प्याकेज झोला प्रदान गरेको मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**कार्यक्रम सँग सम्बन्धित कर्मचारीको**

नामः

पदः

हस्ताक्षरः

मिति

**संस्थाको आधिकारिक व्यक्तिको**

नामः

पदः

हस्ताक्षरः

मिति :

संस्थाको छापः

**अनुसूची-४**

(सँग सम्बन्धित दफा १४ )

अनुगमन तथा सुपरीवेक्षण चेकलिष्ट

मितिः...........................

कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरिएको अवधि  देखि .......................

सम्म  ...........................

| **क्र.सं.** | **संस्था** | **पोषण प्याकेज  झोलाको सङ्ख्या** | | | **भण्डारण अवस्था ठीक (छैन/छ)** | **मासिक प्रतिवेदन (छैन/छ)** |
|---|---|---|---|---|---|---|
| | | **प्राप्त** | **खर्च** | **मौज्दात** | | |
| | स्वास्थ्य कार्यालय ......... | | | | | |
| | गा......पा.न/.पा. | | | | | |
| | सरकारी अस्पतालबर्थिग/ सेन्टर | | | | | |

संस्थामा देखिएको थप विवरण

..........................................................................................................

समुदायमा सुत्केरी महिलासँग भेट गरी अनुसुची--सँग भिडाई हेर्ने १

| **क्र.सं.** | **नाम** | **ठेगाना** | **पोषण प्याकेज झोला** | | |
|---|---|---|---|---|---|
| | | | **प्राप्त (छैन/छ)** | **प्रयोग (छैन/छ)** | **कस्तो लाग्यो ) (नराम्रो/राम्रो** |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

सुपरीवेक्षकको राय सुझावः.........................................................................

सुपरीवेक्षण गर्ने व्यक्तिको नाम:

प्रमाणिकरण मितिः २०८१ चैत्र ०६

आज्ञाले

अमुल श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत